# धनादेश नियमावली, २०३१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३१।६।२१

**संशोधन**

| | | |
|---|---|---|
| १. | धनादेश (पहिलो संशोधन) नियमावली, २०४५ | २०४५।१०।१७ |
| २. | धनादेश (दोस्रो संशोधन) नियमावली, २०५३ | २०५३।३।२४ |

हुलाक ऐन, २०१९ को दफा ३७ ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त सबै अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "धनादेश नियमावली, २०३१" रहेकोछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "प्रेषक" भन्नाले धनादेशबाट रकम पठाउने व्यक्ति सम्झनु पर्छ ।

(ख) "प्रापक" भन्नाले धनादेशको रकम भुक्तानी पाउने भनी धनादेशमा उल्लिखित व्यक्ति सम्झनु पर्छ ।

(ग) "महानिर्देशक" भन्नाले हुलाक सेवा विभागको महानिर्देशक सम्झनु पर्छ।

⌛(घ) "कोष" भन्नाले धनादेश सञ्चालन कोष सम्झनु पर्छ ।

⌛२क. **धनादेश सञ्चालन कोष** : (१) धनादेश भुक्तानी दिने प्रयोजनको लागि धनादेश सञ्चालन कोषको स्थापना गरिएकोछ ।

(२) कोषमा देहायका रकमहरू रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) आन्तरिक तथा वैदेशिक धनादेश कारोबारबाट प्राप्त रकम ।

⌛२ख. **कोषको सञ्चालन** : (१) कोषको रकम धनादेश भुक्तानी दिने काममा प्रयोग हुनेछ ।

(२) कोषमा रहने रकमहरू नेपाल राष्ट्र बैंकमा केन्द्रीय खाता खोली जम्मा गरिनेछ ।

β(३) उपनियम (२) बमोजिमको कोषको केन्द्रीय खाताको सञ्चालन केन्द्रीय धनादेश कार्यालयको प्रमुख र सोही कार्यालयको वरिष्ठ अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) उपनियम (२) बमोजिम केन्द्रीय खाता खोली सकेपछि धनादेश भुक्तानी गर्ने हुलाक कार्यालयको लागि सम्बन्धित जिल्लामा नेपाल राष्ट्र बैंकको स्थानीय शाखामा वा अन्य कुनै बैंकमा कोषको नाममा छुट्टाछुट्टै खाता खोलिनेछ ।

---

⌛ पहिलो संशोधनद्वारा थप।

β दोस्रो संशोधनद्वारा संशोधित ।

(५) उपनियम (४) बमोजिमको खाता सम्बन्धित हुलाक कार्यालयको प्रमुख र लेखामा काम गर्ने वरिष्ठ कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(६) गत आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रकम चालु आर्थिक वर्षको प्रारम्भमा कोषमा जिम्मेवारी सारिनेछ ।

[ ]२ग. **कोषको रकम अन्य कार्यमा खर्च गर्न नहुने** : कसैले कोषको कुनै रकम धनादेश भुक्तानी दिने कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गर्न पाउने छैन ।

[ ]२घ. **निरीक्षण** : कोषको रकमको खर्च सम्बन्धी निरीक्षणको व्यवस्था हुलाक सेवा विभागले गर्नेछ।

३. **धनादेशबाट आदान-प्रदान गर्न सकिने रकमको हद** : धनादेशबाट आदान-प्रदान गर्न सकिने रकमको हद रु. १०००।- हुनेछ ।

तर नेपाल सरकारले आवश्यक देखेमा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी धनादेशबाट आदान-प्रदान गर्न सकिने रकमको हदमा हेरफेर गर्न सक्नेछ ।

σ४. **धनादेशवापत कमिशन** : धनादेशवापत लाग्ने कमिशनको दर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

५. **हुलाक कार्यालयहरूको नाम तोक्ने** : धनादेश सेवाको कारोवार गर्ने हुलाक कार्यालयहरूको नाम हुलाक सेवा विभागले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्नेछ ।

६. **धनादेश फाराम भर्ने** : प्रेषकले धनादेश पठाउन हुलाक कार्यालयबाट धनादेश फाराम प्राप्तगरी प्रापकको नाम र ठेगाना प्रष्ट उल्लेख गरी आवश्यक विवरणहरू भर्नु पर्छ, प्रेषकको निमित्त अन्य कुनै व्यक्तिले पनि धनादेश फाराम भर्न सक्नेछ ।

७. **धनादेश भुक्तानी दिने** : (१) धनादेशको भुक्तानी दिँदा धनादेश फाराममा र हुलाक कार्यालयको धनादेश भुक्तानी (डेलिभरी) किताबमा प्रापक वा निजको अख्तियारवालालाई दस्तखत गराइ वा रेखात्मक छाप लगाइ धनादेशको रकमको भुक्तानी दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रापक नचिनी शङ्का लागेमा एकजना चिन्हाउने व्यक्ति लिएर मात्र धनादेशको भुक्तानी दिइनेछ ।

तर अस्पतालमा भर्ना भएको वा छात्रावास वा होटेलमा बस्ने व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी त्यस्तो अस्पताल, छात्रावास र होटेलको सुपरिण्टेण्डेण्ट वा प्रबन्धकको सिफारिसमा दिन सकिनेछ ।

८. **नाबालक अपाङ्ग वा मानसिक अवस्था ठीक नभएको व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी**: (१) नाबालकको नाममा आएको धनादेशको भुक्तानी दिँदा निजको आमा वा बाबुको दस्तखत गराइ भुक्तानी दिईनेछ । आमा बाबु दुवै नभएको नाबालकको नाममा आएको धनादेशको भुक्तानी दिँदा

---

[ ] पहिलो संशोधनद्वारा थप।

σ पहिलो संशोधनद्वारा संशोधित ।

एकजना साक्षी राखी नाबालक जुन व्यक्तिको साथमा बसेकोछ सोही व्यक्तिको दस्तखत गराई भुक्तानी दिइनेछ ।

(२) अपाङ्ग वा मानसिक अवस्था ठीक नभएको व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी निज आमा बाबुको साथमा बसेको रहेछ भने आमा वा बाबुको दस्तखत गराइ भुक्तानी दिईनेछ । निज अन्य कुनै व्यक्तिको साथमा रहे बसेको भए एकजना साक्षी राखी त्यस्तो साथमा राख्ने व्यक्तिको दस्तखत गराई भुक्तानी दिइनेछ ।

तर धनादेशको भुक्तानी सम्बन्धी सबै प्रक्रियाको ज्ञान भएको अपाङ्ग व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी निजलाई नै दिइनेछ ।

९. **<u>रसीद दिइने</u>** : (१) प्रेषकले धनादेशको रकम हुलाक कार्यालयमा बुझाएपछि हुलाक कार्यालयबाट निजलाई त्यसको रसिद दिइनेछ ।

(२) प्रापक वा निजको अख्तियारवालाले दस्तखत गरेको धनादेशको फिर्ती रसीद प्रेषक कहाँ पठाइनेछ । चलानको अवस्थामा धनादेशको फिर्ती रसीद हराएमा हुलाक कार्यालयले प्रेषकलाई भुक्तानीको निस्सा दिनेछ ।

१०. **<u>धनादेशको रकम फिर्ता मागन वा अरुलाई भुक्तानी दिन सकिने</u>** : (१) प्रापकलाई धनादेशको भुक्तानी नहुँदै प्रेषकले धनादेशको रकम फिर्ता लिन चाहेमा सो रकम प्रेषकलाई फिर्ता भुक्तानी दिइनेछ ।

तर धनादेश बापत लागेको कमिशन फिर्ता हुने छैन ।

(२) धनादेशको भुक्तानी नहुँदै प्रेषकले प्रापक फेर्न चाहेमा निजको नयाँ प्रापकको नाम, ठेगाना खोली धनादेशको रकम बुझ्ने हुलाक कार्यालयमा आवेदन गर्न सक्नेछ । त्यसरी प्रापक फेर्दा धनादेश बापत लाग्ने कमिसन पुनः बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनी धनादेशको रकम फिर्ता लिन वा प्रापकको सट्टा अर्को व्यक्तिलाई धनादेशको भुक्तानी गराउन आवेदन गरेको ढिलोभई वा अन्य कुनै कारणबाट प्रापकलाई धनादेशको भुक्तानी रोक्का गर्न नसकेमा हुलाक कार्यालय जवाफदेही हुने छैन ।

११. **<u>धनादेशको पुनः निर्देशन (रिडाइरेक्सन) हुन सक्ने :</u>** प्रापकले ठेगाना बदलि सकेको र निजले आफ्नो नाममा आउने हुलाक वस्तु निजको हालको ठेगानामा पठाउन हुलाक कार्यालयलाई लिखित सूचना गरेको रहेछ भने निजको साविक ठेगानामा आएको धनादेश निजको हालको ठेगानामा पुनः निर्देशन (रिडाईरेक्सन) गर्न सकिनेछ र यसको लागि कुनै दस्तुर वा कमिशन लाग्ने छैन ।

१२. **<u>प्रापक फेला नपरेमा वा प्रापकले भुक्तानी लिन नआएमा</u>** : फेला नपरेमा वा प्रापकले धनादेशको रकम भुक्तानी लिन इन्कार गरेमा वा भुक्तानी लिन तोकिएको अवधिभित्र भुक्तानी लिन नआएमा धनादेशको रकम प्रेषकलाई नै फिर्ता भुक्तानी दिईनेछ।

तर धनादेश बापत तिरेको कमिशन भने फिर्ता गरिने छैन ।

१३. **धनादेशको भुक्तानी लिने अवधि** : धनादेशको भुक्तानी लिन हुलाक कार्यालयबाट सूचना प्राप्त भएपछि प्रापकले सो सूचना पाएको मितिले सात दिनभित्र धनादेशको भुक्तानी लिनु पर्नेछ ।

तर प्रापकले उपरोक्त अवधिभित्र लिखित आवेदनद्वारा धनादेशको भुक्तानी पछि लिन माग गरेमा सो अवधि नाघेको मितिले अर्को सात दिनसम्म सो रकम σलिन सक्नेछ ।

१४. **रद्द धनादेश:** (१) प्रापक फेला नपरी भुक्तानी हुन नसकी फिर्ता आएको धनादेश प्रेषक पनि फेला नपरी फिर्ता भुक्तानी हुन नसकेमा त्यस्तो धनादेश रद्द धनादेश मानिनेछ । ✂..........

(२) उपनियम (१) बमोजिम प्रापक र प्रेषक फेला नपरी रद्द मानिएको धनादेशको रकम धनादेश पठाइएको मितिले एक वर्षसम्ममा पनि प्रापक वा प्रेषकले भुक्तानीको दावी नगरेमा त्यस्तो धनादेशको रकम σधनादेश कोषमा दाखिल गरिनेछ ।

१५. **क्षतिपूर्ति दिने:** (१) धनादेश हुलाक कार्यालयमा दर्ता भैसकेपछि धनादेशको भुक्तानी हुन नपाउँदै धनादेश हराएमा प्रेषकले सो धनादेशको रकम र सो बापत तिरेको कमिशनको रकम समेत क्षतिपूर्तिको निमित्त दावी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम क्षतिपूर्तिको निमित्त दावीपरेमा हुलाक कार्यालयले त्यस्तो दावीपरेको मितिले ६ महीनाभित्र प्रेषकलाई क्षतिपूर्ति तिर्नेछ ।

⌛१५क. **लेखा र लेखापरीक्षण:** (१) कोषको आय-व्ययको लेखा महालेखा परीक्षकद्वारा निर्धारीत ढाँचामा राखिनेछ ।

(२) कोषको यथार्थ हिसाब तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र केन्द्रीय धनादेश कार्यालयका प्रमुखले महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) लेखा सम्बन्धी अन्य कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

१६. **फारामहरूको ढाँचा तोक्ने:** यस नियमावली बमोजिम धनादेश सम्बन्धमा प्रयोग गरिने फारामहरू, त्यस्तो ढाँचा र सो फारामहरू भर्ने तरीका महानिर्देशकले समय समयमा तोके बमोजिम हुनेछ ।

---

σ पहिलो संशोधनद्वारा संशोधित ।

✂ पहिलो संशोधनद्वारा झिकिएको ।

⌛ पहिलो संशोधनद्वारा थप।

**द्रष्टव्य** :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरू:-

"श्री ५ को सरकार " को सट्टा "नेपाल सरकार" ।